३. नेपाल सरकारको कार्यालयहरुको संगठन तथा कार्यविधिमा प्रभावकारिता ल्याउन आवश्यकता अनुसार अध्ययन गरी प्रतिवेदन तयारी गरी कार्यान्वयन गर्ने,
४. केन्द्रीय संगठन दिग्दर्शन एवं पद व्यवस्था निर्देशिका सम्बन्धी कार्य
५. केन्द्रीय संगठन तालिका अद्यावधिक गरी प्रकाशन सम्बन्धी कार्य
६. नेपाल सरकारका मन्त्रालय, विभाग लगायतका निकायहरुका साथै इकाइस्तरका संगठनहरुको संगठनात्मक सुधार सम्बन्धी कार्य गर्ने,
७. संगठन तथा व्यवस्थापन सम्बन्धी राय परामर्श सम्बन्धी कार्य,
८. नेपाल सरकार तथा संवैधानिक अंगहरुका लागि आवश्यक दरवन्दीहरु सृजना तथा खारेज गर्न मन्त्रालय तहवाट सहमति तथा स्वीकृति दिन कारवाही गर्ने,
९. विभिन्न सरकारी निकायहरुको लागि मौजुदा स्थायी दरवन्दी सम्वन्धी नीति तथा आधार तैयार गर्ने,
१०.निजामती सेवाका पद तथा पदाधिकारीहरुको सेवा÷समुह निर्धारण गर्ने,
११.सेवा, समुह विभाजनको कार्यमा सुधारको लागि आवश्यक अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने,
१२.आवश्यकता अनुसार नयाँ सेवा÷समुहहरुको गठन र अनावश्यक सेवा÷समुहहरुको खारेज गर्ने सम्वन्धमा सुझाव दिने,

१३.निजामती सेवाका सबै पद तथा पदाधिकारीहरुको लागि कार्य विवरण सम्बन्धित मन्त्रालयवाट तयार गराई अद्यावधिक गर्ने,

१४.कार्यालयको नाम परिवर्तन सम्वन्धी कार्य,

१५.विशेष पद र विशेषज्ञ पद लगायत निजामती सेवाका अन्य विविध पदहरु सृजना र खारेज सम्वन्धमा कारवाही गर्ने,

१६.पद नाम निर्धारण गर्ने र परिवर्तन गर्ने सिफारिस सम्बन्धी कार्य,

१७.विभिन्न सेवा, समुह संचालन गर्ने मन्त्रालय विच समन्वय गर्ने गराउने कार्य,

१८.कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको काम सम्पन्न -भ्रमण, बैठक, अध्ययन, अनुसन्धान, आदि) भैसकेपछि सम्वन्धित महाशाखा प्रमुखलाई सम्वोधन गरी प्रतिवेदन गर्ने, गराउने ।

१९.नेपाल सरकारवाट संचालित अस्थायी प्रकृतिका आयोजनाहरुमा आवश्यक अस्थायी दरवन्दी सृजना गर्न वैठकमा भाग लिने,

## ६. प्रशासन सुधार तथा जनशक्ति विकास महाशाखा

१. राष्ट्रिय निजामती सेवा नीति सम्बन्धी कार्य,

२. संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, कानून र मापदण्ड र व्यवस्थापन सम्बन्धी कार्य,

३. सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,

४. प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, समायोजन र समन्वय सम्बन्धी कार्य,

५. कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,

६. व्यवस्थापन परीक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रम संचालन र समन्वय,

७. प्रशासन सुधार सम्बन्धी अध्ययन, अनुसन्धान तथा नीति तर्जुमा र कार्यान्वयन

८. संघीय निजामती तथा अन्य सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धमा अध्ययन, अनुसन्धान र विकास सम्बन्धी कार्य,

९. स्वदेशी तथा विदेशी अध्ययन, अवलोकन भ्रमण तथा तालिम सम्बन्धी कार्य,

१०. नेपाल सरकारको नीति र कार्यक्रमको सफल कार्यान्वयनका लागि आवश्कता अनुसार प्रशासकीय व्यवस्थापन र कार्यविधिमा पुनरावलोकन,

११. संघीय निजामती कर्मचारीको सेवा, सुविधा तथा प्रोत्साहन सम्बन्धी कार्य,

१२. राष्ट्रसेवक कर्मचारी संवद्ध संघ संस्था सम्बन्धी कार्य गर्ने

१३. देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने:

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
- निजामती अस्पताल
- कर्मचारी तालिम प्रतिष्ठान

## क. जनशक्ति योजना तथा विकास शाखा

१. संसद सेवा, स्वास्थ्य सेवा र न्याय सेवा बाहेकका सेवाहरुमा रिक्त रहेका राजपत्रांकित पदहरुको लगत विज्ञापनको लागि लोक सेवा आयोगमा पठाउने,

२. जनशक्ति विकासको लागि स्वदेशी तथा वैदेशिक अध्ययन, तालीम सम्बन्धी छात्रवृत्ति समितिको सचिवालय सम्बन्धी कार्य गर्ने,

३. निजामती सेवाका कर्मचारीहरुलाई तालीमको आवश्यकता सम्वनधी सर्वेक्षण र अध्ययन,

४. नेपाल सरकारका विभिन्न सेवाका कर्मचारीहरुलाई विभिन्न तालीम संस्थाहरु मार्फत सेवा प्रवेश र सेवाकालीन तालीमको प्रवन्ध गर्ने,

५. नेपाल सरकारका विभिन्न निकायहरुबाट संचालित तालिम सम्बन्धी आवश्यक योजना कार्यक्रम तथा प्रशिक्षण विधि र पाठ्यक्रमसँग सम्बन्धित नीति निर्धारण,

६. कर्मचारीहरुको बृत्ति विकास सम्वन्धी अध्ययन, अनुसन्धान र सुझाव सम्वन्धी कार्यहरु,

७. निजामती सेवाका लागि आवधिक रुपमा जनशक्ति योजना तर्जुमा र विकास सम्वनधी कार्यहरु,

८. नेपाल सरकारका विभिन्न निकायहरुवाट संचालित तालीम कार्यक्रमहरुको बीच समन्वय र अनुगमन,

९. विभिन्न तालिम संस्थाहरुवाट संचालित तालीम कार्यक्रमहरुको स्तर निर्धारण,

१०.राष्ट्रिय तालिम नीति सम्बन्धी कार्यहरु,

११.सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यरत कर्मचारीहरुलाई अन्तर्राष्ट्रिय स्तरमा अध्ययन÷तालिममा जान मनोनयन, पूर्व स्वीकृति र विदा सिफारिश सम्वन्धी कार्य,

१२.कुनै पनि समुह वा पदको लागि आवश्यक न्यूनतम शैक्षिक योगयता र पाठ्यक्रम सम्बन्धी लोक सेवा आयोगमा परामर्श उपलव्ध गराउने,

१३.कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको काम सम्पन्न -भ्रमण, बैठक, अध्ययन, अनुसन्धान,आदि) भैसकेपछि सम्वन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने, गराउने,

## ख. प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा

१. नेपाल सरकारका विभिन्न निकायहरुको आकस्मिक तथा नियमित व्यवस्थापन परीक्षण गरी प्रतिवेदन तयार गर्ने,

२. नेपाल सरकारका विभिन्न निकायहरुको सेवाग्राही सन्तुष्टी सर्वेक्षण गर्ने,

३. निजामती सेवा ऐन तथा नियमावली बमोजिम अध्ययन, अध्यापन, लेखापरीक्षण व्यवसाय लगायतमा काम गर्न विभागीय स्वीकृति दिने,

४. कुनै खास बिषयमा अधिकार प्राप्त अधिकारीले तोकेको काम सम्पन्न (भ्रमण, बैठक, अध्ययन, अनुसन्धन,आदि) भैसकेपछि सम्बन्धित महाशाखा प्रमुखलाई सम्बोधन गरी प्रतिवेदन गर्ने,

५. उच्च स्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिको सचिवालयको रुपमा काम गर्ने,

६. शासकिय सुधार तथा प्रशासन सुधार सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

७. प्रशासन सुधार सम्वन्धी अध्ययन, अनुसन्धान तथा मन्त्रालयबाट हुने प्रकाशन सम्बन्धी कार्य ( प्रशासन पत्रिका, स्वशासन, शासकीय खबर पत्रिका  आदि)
८. निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन लगायत संघ संस्थाहरु सम्वन््धी कार्यहरु गर्ने,
९. तलव भत्ता पुनरावलोकन समिति सम्बन्धी सचिवालयको रुपमा कार्य गर्ने,
१०.निजामती सेवामा समावेशीकरण सम््बन््धी कार्य गर्ने,
११.निजामती सेवा सम्बन्धी अन्तरराष्ट्रिय सम्पर्क शाखाको रुपमा कार्य गर्ने,
१२.नमुना कार्यालय सम्बन्धी कार्य,
१३.व्यवस्थापन परिक्षण सम्बन्धी कार्य,
१४.एकीकृत घुम्ती सेवा संचालन सम्बन्धी कार्य,

**ग. कर्मचारी कल्याण शाखा**

१. निजामती कर्मचारीहरुको सुविधा एवं कल्याण सम्बन्धमा नीति कानून योजना कार्यक्रम तथा कार्यान्वयन सम्बन्धी कार्य र सो को अध्ययन, अनुसन्धान
२. निजामती कर्मचारीले पाउने सुविधा र सहुलियत सम्बन्धमा मन्त्रालयको प्रतिनिधित्व तथा राय सम्बन्धी कार्य
३. औषधि उपचारको थप आर्थिक सहायता दिने कारवाही गर्ने,
४. निजामती कर्मचारी सन्तति छात्रवृत्ति समितिको सचिवालय सम्बन्धी कार्य,
५. निजामती कर्मचारीको स्वास्थ्य बीमा सम्बन्धी कार्य गर्ने,
६. सेवा निवृत कर्मचारीको हक हित सम्बन्धी कार्य गर्ने,
७. निजामती कर्मचारीलाई दिइने पुरस्कार सम्बन्धी कार्य,
८. निजामती कर्मचारी अस्पतालको सम्पर्क शाखा
९. निजामती कर्मचारी आवासीय विध्यालय र निजामती कर्मचारी आवास सम्बन्धी कार्य
१०. एकीकृत परिवहन सेवाको समन्वय, संचालन र व्यवस्थापन सम्बन्धि कार्य गर्ने।

## ४. मन्त्रालयवाट प्रदान गरिने सेवा

मन्त्रालयबाट सूचना माग सम्बन्धी सेवा सूचनाको हक सम्बन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ । बिभाग, समिति, प्रतिष्ठान, आयोग तथा स्थानीय तहहरुबाट हुने गरेको क्रियाकलापमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्ने तथा सो बिरुद्वको उजुरी तथा गुनासो सुन्ने गरेको छ ।

## ५. मन्त्रालय महाशाखा शाखा र जिम्मेवार अधकारी सम्बन्धित शाखा प्रमुख

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको कार्यक्षेत्र भित्र समाहित गरिएको विभिन्न क्रियाकलापहरु संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका शाखा/महाशाखाहरुको व्यवस्था गरिएको छ । सो अनुसार मन्त्रालयका महाशाखा तथा शाखाहरुबाट सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएको कार्यविवरण वुँदा नं. ३ मा उल्लेख गरिसकिएको छ ।

| सि.नं. | महाशाखा, शाखा, कार्यक्रम, आयोग, प्रतिष्ठान, समिति र संघ संस्थाको नाम | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सचिव | श्री यादव प्रसाद कोइराला |
| १ | सङ्घीय मामिला महाशाखा | सहसचिव | श्री बावुराम श्रेष्ठ |
| | ▪ सङ्घीय मामिला शाखा | उपसचिव | श्री प्रह्लाद कुमार कार्की |
| | ▪ स्थानीय तह समन्वय शाखा | उपसचिव | श्री डिलाराम पन्थी |
| | ▪ सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा | उपसचिव | श्री इन्द्र कुमारी थपलिया |
| २ | कर्मचारी प्रशासन महाशाखा | सहसचिव | श्री रुद्रसिंह तामाङ |
| | ▪ संघीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री चन्द्र प्रसाद फुयाल |
| | ▪ स्थानीय तह कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री पर्व प्रसाद सापकोटा |
| | ▪ आन्तरिक व्यवस्थापन शाखा | उपसचिव | श्री ईश्वर कुमार गिरी |
| | ▪ बढुवा शाखा | उपसचिव | श्री पर्व प्रसाद सापकोटा |
| | ▪ कानून तथा फैसला कार्यान्वयन शाखा | उपसचिव (कानून) | श्री टीकाराम पाण्डे |
| | ▪ आर्थिक प्रशासन शाखा | उपसचिव (लेखा) | श्री लक्ष्मी प्रसाद निरौला |
| ३ | योजना तथा विकास सहायता समन्वय महाशाखा | सहसचिव | श्री केदार प्रसाद पनेरु |
| | ▪ योजना तथा अनुगमन शाखा | उपसचिव | श्री महेन्द्र प्रसाद सापकोटा |
| | ▪ विकास सहायता समन्वय शाखा | उपसचिव | श्री अमृत लम्साल |
| | ▪ वातावरण तथा विपद व्यवस्थापन शाखा | उपसचिव | श्री ऋषिराज आचार्य |
| ४ | स्थानीय तह क्षमता विकास महाशाखा | सहसचिव | श्री जय नारायण आचार्य |
| | ▪ स्थानीय तह क्षमता विकास शाखा | उपसचिव | श्री रमेश अधिकारी |
| | ▪ सूचना तथा प्रविधि शाखा | उपसचिव | श्री जीवलाल भूसाल |
| | ▪ स्रोत परिचालन समन्वय शाखा | उपसचिव | श्री बिष्णुदत्त गौतम |
| ५ | संगठन विकास तथा कर्मचारी समायोजन महाशाखा | सहसचिव | श्री केदार प्रसाद पनेरु |

| | | | |
|---|---|---|---|
| | ▪ कर्मचारी समायोजन तथा संगठन विकास शाखा | उपसचिव | श्री अनिता निरौला |
| | ▪ कर्मचारी समायोजन शाखा ख | उपसचिव | श्री |
| | ▪ संगठन विकास शाखा | उपसचिव | श्री |
| ६ | प्रशासन सुधार, जनशक्ति, योजना तथा विकास महाशाखा | सहसचिव | श्री भुपाल बराल |
| | ▪ जनशक्ति योजना तथा विकास शाखा | उपसचिव | श्री ऋद्धि प्रकाश सिटौला |
| | ▪ प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा | उपसचिव | श्री राजेश गौतम |
| | ▪ कर्मचारी कल्याण शाखा | उपसचिव | श्री रेशम कंडेल |
| ७ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | निर्देशक | श्री रेशमलाल कंडेल |
| ८ | स्थानीय पूर्वाधार विभाग | महानिर्देशक | श्री रामचन्द्र श्रेषठ |
| ९ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | श्री पित् कुमार श्रेष्ठ |
| १० | निजामती किताब खाना | महानिर्देशक | श्री गिता कुमारी होमेगाईं |
| ११ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | श्री पुण्यप्रसाद न्यौपाने |
| १२ | निजामती कर्मचारी अस्पताल | कार्यकारी निर्देशक | डा. श्री. दीर्घराज आर.सि. |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### ६(१) सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य बिशेष कानूनले तोके बमोजिमको दस्तुर

### ६(२) सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अबधिभित्र र अन्य बिशेष कानूनले अबधि तोकेकोमा सोही बमोजिम

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महांशाखा र शाखामा आबश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री यादव प्रसाद कोईराला

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

**१ प्रशासन सुधार तथा व्यवस्थापन परिक्षण शाखा**

- संघीय निजामती सेवा ऐनको बिधेयकको मस्यौदा तयार गरी संघीय संसद समक्ष पेश गरिएको।
- निजामती सेवा नियमावली, २०५० को नियम १२३ मा संशोधन गरिएको।
- सेवा निबृत्त विशिष्ट श्रेणीका कर्मचारीहरुको सेवा उपयोग सम्वन्धी निर्देशिका, २०७५ को मस्यौदा तयार गरी नेपाल सरकार (मन्त्रीपरिषद्) समक्ष पेश गरिएको।
- प्रशासन पत्रिका, सेवा जर्नल तथा शासकीय खवर पत्रिका प्रकाशन गरिएको।
- प्रदेश निजामती सेवाको गठन, संचालन, सेवाका शर्त सम्वन्धी सिद्धान्त र मापदण्ड तय गर्न वनेको विधेयकको मस्यौदा तयार गरिएको ।
- स्थानीय सेवाको गठन, संचालन तथा सेवाका शर्त सम्वन्धी मापदण्ड व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गरिएको ।
- संविधान कार्यान्वयन र प्रशासनिक पुनर्संरचना सम्वन्धी राष्ट्रिय कार्यशाला सम्पन्न गरिएको ।
- स्थानीय तहका कर्मचारीहरुको आचारसंहिता (नमुना) को मस्यौदा तयार गरिएको ।
- निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियनसंग संघीय निजामती सेवा ऐन, कर्मचारी समायोजन तथा व्यवस्थापन लगायतका विषयमा छलफल तथा सम्वाद गरिएको ।
- व्यवस्थापन परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण र विगतमा व्यवस्थापन परिक्षण गरिएका निकायहरुको Follow up कार्यक्रम गरिएको ।
- कर्मचारी समायोजन तथा कर्मचारी समायोजन उपर प्राप्त भएका उजुरी तथा गुनासोको व्यवस्थापन गरिएको ।

## २ योजना तथा अनुगमन शाखा

| सि.नं | क्रियाकलाप | वित्तिय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत | प्रमुख उपलब्धी |
|---|---|---|---|---|
| १ | मन्त्रालयको MTEF तयारी | १०० | १०० | मध्यकालीन खर्च संरचना तयार । |
| २ | १५ औ योजना आधारपत्र तयारी | ९७ | १०० | १५ औ योजनाको आधारपत्र तयार । |
| ३ | विभिन्न कार्यक्रमहरुसंग समन्वय र सहजीकरण | ९५ | १०० | आगामी आ.व.को बजेट/कार्यक्रम निर्माणका लागि सबै कार्यक्रमहरुसंग समन्वय र सहजीकरण गरिएको । |
| ४ | स्थानीय तहको आवधिक योजना निर्माणमा सहजीकरण र गाँउपालिकाहरुको आवधिक योजना निर्माणमा सहयोग | ८० | १०० | आवधिक योजना निर्माणमा सहजिकरण |
| ५ | वार्षिक वजेट तर्जुमामा सहजीकरण | १०० | १०० | वार्षिक वजेट तर्जुमा निर्देशिका तयार गरि स्थानीय तहहरुमा सहजीकरण |
| ६ | स्थानीय तहको वस्तुगत विवरण तयारीमा सहजीकरण | १०० | १०० | स्थानीय तहको वस्तुगत विवरण तयारीमा सहजीकरण |
| ७ | स्थानीय तहको नमूना कानून निर्माण तथा सहजीकरण -वजेट, योजना र अनुगमन सम्वन्धी | १०० | १०० | ४ वटा नमुना कानुन तयार |

| | | | | |
|---|---|---|---|---|
| ८ | स्थानीय तहको अनुगमन निर्देशिका तयारी तथा प्रणाली स्थापना | ८० | १०० | अनुगमन निर्देशिकाको मस्यौदा तयार |
| ९ | मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा समिक्षा | १०० | १०० | ३ वटा समीक्षा वैठक सम्पन्न |
| १० | कार्यक्रमहरुको LMBIS प्रविष्टि | १०० | १०० | चालु आ.व.को कार्यक्रम संशोधन तथा आगामी आ.व.को वार्षिक कार्यक्रम LMBIS प्रविष्टि |

**शाखाबाट सम्पादन भएका नविनतम कार्यहरुः**

- स्थानीय तहवाट सम्पादन भएका विकास निर्माण तथा सेवा प्रवाहका कार्यहरुलाई थप प्रभावकारी वनाउन ७ वटै प्रदेश हेर्ने गरी सहसचिवको नेतृत्वमा सहजीकरण टोली गठन गरी सहजिकरण गर्ने कार्य भैरहेको । हालसम्म १५ जिल्लाका १० न.पा र ७ वटा गा.पा.को सहजीकरण कार्य सम्पन्न भएको ।
- तुइन दुर्घटनावाट प्रभावित व्यक्तिहरुको उद्धार तथा सहायता कोष सञ्चालन नियमावली, २०७५ स्वीकृत भएको ।

## ३ स्रोत परिचालन समन्वय शाखा

- स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शनको मस्यौदा तयार भई रायको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सचिवालयमा पठाईएको ।
- घर जग्गा बहाल कर व्यवस्थापन कार्यविधी, २०७६ तथा व्यवसाय कर व्यवस्थापन कार्यविधी , २०७६ को मस्यौदा तयार भएको ।
- स्थानीय तहको गैरकर राजश्वको दर निर्धारण सम्बन्धी मापदण्ड तयारी अध्ययन प्रतिवेदन, २०७६ को मस्यौदा तयार भएको ।
- ७ वटै प्रदेशका नगरपालिकाका उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा राजश्व शाखामा काम गर्ने कर्मचारीहरुको लागि स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको ।

- स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी एक हप्ते प्रशिक्षक प्रशिक्षण (**TOT**) कार्यक्रम संचालन गरिएको ।
- स्थानीय तहको माग बमोजिम सम्पत्ति कर कार्यान्वयन एवं स्थानीय स्रोत व्यवस्थापनमा सहजिकरण गरेको ।
- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्वास्थ्य सेवाका कर्मचारीहरुको गुनासो सुनुवाई सम्बन्धी कार्यमा सहजिकरण गरेको ।

## ४ सूचना तथा प्रविधि शाखा

### (क) सुशासन एवं सूचना तर्फ

- उजुरी गुनासो फछ्र्यौटको प्रगति अवस्था

| अख्तियर दुरुपयोग अनुसन्धान आयोग | | राष्टिय सतर्कता केन्द्र | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | अन्य उजुरी | | हेलो सरकार | |
|---|---|---|---|---|---|---|---|---|---|
| उजुरी | फछ्यौट | उजुरी | फछ्यौट | उजुरी | फछ्यौट | उजुरी | फछ्यौट | उजुरी | फछ्यौट |
| ९० | ७५ | १५ | १० | ३० | ३० | ६५ | ५६ | २८१० | २८१० |

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट प्राप्त निर्णय कार्यान्वयन मिसिलको संख्या १४५ रहेकोमा १८ वटा लगत कट्टा गरिएको साथै अन्य मिसिल सम्वन्धी निर्णय कार्यान्वयनको लागि सम्वन्धित स्थानीय तह एवं जि.स.स. हरुमा निरन्तर ताकेता गरिएको ।
- भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका विषयक स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको लागि ७ वटै प्रदेशमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संयुक्त आयोजनामा गोष्ठि संचालन गरिएको । गोष्ठिको समापन पश्चात भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि प्राप्त प्रतिवद्धता कार्यान्वयन गर्न माननीय मन्त्रीस्तरको निर्णयानुसार सवै स्थानीय तहहरुमा पत्राचार गरिएको ।
- सवै स्थानीय तह, सवै जि.स.स एवं केन्दिय विभागहरुको हेलो सरकार पोर्टल निर्माण कार्य सम्पन्न गरी केन्दिय विभाग एवं प्रदेश नं. ३ अन्तर्गतका स्थानीय तह र जि.स.स. को लागि हेलो सरकार

पोर्टल तथा सामाजिक संजाल संचालन सम्वन्धमा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको अन्य प्रदेशहरुमा पनि प्रशिक्षण कार्यक्रम संचालन हुने प्रक्रियामा रहेको ।

- २४ वटा सूचना मागको निवेदन प्राप्त भएकोमा २० वटा सूचना उपलब्ध गराईएको र ४ वटा प्रकृयामा रहेको ।
- त्रैमासिक रुपमा मन्त्रालयको प्रगति विवरण राष्ट्रिय सूचना आयोगमा पठाईएको ।

**(ख) सूचना प्रविधि तर्फ**

- मन्त्रालय र ७५३ स्थानीय तहहरुको वेबसाइट निर्माण भएको |
- सम्पुर्ण वेबसाइटहरु राष्ट्रिय सूचना तथा प्रविधि केन्द्र National Information Technology Center- NITC को समन्वयमा सरकारी एकीकृत डाटा केन्द्र Government Integrated Data Center मा रहेको
- स्थानीय तहहरुको विवरण समावेश गरी (GIS) नक्शा बनाइएको | लिंक http://103.69.124.141
- सूचना प्रविधि विभागको समन्वयमा ई-हाजिरी लागू भएको |
- अधिकतम स्थानीय तहमा स्थानीय तहको बारेमा नागरिक लागि सूचित गर्न अडियो नोटिस बोर्ड शुरु गरिएको ।
- मन्त्रालयको समन्वयमा ४०० भन्दा वढी स्थानीय तहहरुको मोबाइल एप्स वनाई सूचना प्रवाह भैरहेको ।
- अप्राविधिक कर्मचारीहरुको लागि ICT Blog रहेको लिंक स्थापना भएको https://ict4lb.org.np/)
- मन्त्रालयमा कार्यरत कर्मचारीहरुको लागि सरकारी इमेल Nepal.gov.np मा वनाई कार्यालयसंग सम्वन्धित कार्यका लागि प्रयोगमा ल्याइएको ।
- मन्त्रालयको प्रयोजनको लागि info@mofaga.gov.np इमेल संचालनमा ल्याइएको ।
- मन्त्रालय र अन्तर्गतका निकायहरुको जानकारी, कार्यक्रम, प्रगति विवरण लगायतका कार्यहरुलाई digital display मा देखाउन शुरु गरिएको ।

५ कर्मचारी कल्याण शाखा

| क्र.सं. | विवरण | एकाई | २०७५ साउनदेखि २०७६ असार मसान्तसम्म | कैफियत |
|---|---|---|---|---|
| १ | बहालवाला निजामती कर्मचारी वा निजको पति वा पत्नीलाई थप आर्थिक सहायता उपलब्धताको लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिएको | जना | १९ | निजामती सेवा नियमावली, २०५० को नियम ९५ बमोजिम |
| २ | निजामती सेवा दिवस, २०७५ | जना | ४० | विभिन्न कार्यक्रमहरु गर्नुका साथै औपचारिक कार्यक्रम सहित निजामती सेवा पुरस्कार, २०७४ मा पुरस्कृत निजामती कर्मचारीहरुका लागि पुरस्कार वितरण |
| | | जना | ४० | निजामती सेवा पुरस्कार, २०७५ मा उत्कृष्ट र निजामती सेवा पुरस्कारद्वारा पुरस्कृत कर्मचारीहरुको नाम विशेष समारोहको आयोजना गरि घोषणा गरिएको |
| ३ | निजामती कर्मचारी सन्तति छात्रवृत्ति अनुगमन | पटक | १० | निजामती कर्मचारी सन्तति छात्रवृत्ति अन्तर्गत छात्रवृत्ति पाएका विभिन्न कलेजहरुमा अध्ययनरत निजामती कर्मचारीका सन्ततिहरु/विद्यार्थीहरुले अध्ययन पूरा गरे नगरेको यथार्थ विवरण बारे जानकारी लिन |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ४ | निजामती कर्मचारीको सुविधा एवं कल्याण सम्वन्धमा अध्ययन र अनुसंधान कार्यक्रम (अध्ययन/सर्वेक्षण/अनुसंधान) | वटा | १ | निजामती कर्मचारीको सुविधा एवं कल्याण सम्वन्धमा अध्ययन र अनुसन्धान कार्यक्रम प्रतिवेदन पेश गरिएको । |
| ५ | कर्मचारी कल्याण सम्वन्धी अभिमुखिकरण सम्वन्धी तालीम कार्यक्रम (अन्य) | पटक | २ | कर्मचारी कल्याण सम्बन्धी अभिमुखिकरण कार्यक्रम प्रदेश नं. ६ अन्तर्गत मुगु र प्रदेश नं.७ अन्तर्गत कञ्चनपुरमा सुसम्पन्न गरिएको । |
| ६ | निजामती कर्मचारी सन्तति छात्रवृत्ति प्रभाव मुल्याङ्कन | वटा | १ | निजामती कर्मचारी सन्तति छात्रवृत्ति प्रभाव मुल्याङ्कन प्रतिवेदन पेश गरिएको । |

**६ विकास सहायता समन्वय शाखा**

| सि.नं. | कार्यक्रम/क्रियाकलाप | प्रमुख उपलब्धीहरु | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय तहमा वैदेशिक स्रोत परिचालन सम्बन्धि कार्यविधि छपाई/प्रकाशन/प्रशारण (अन्य) | विदेशी स्यमसेवक परिचालनलाई व्यवस्थित बनाउन कार्यविधि तयार भई सम्बन्धित निकायहरुको रायका लागि पठाईएको, राय प्राप्त भएपछि सोही अनुसार स्वीकृतिका लागि पेश गरिने । | |

| | | | |
|---|---|---|---|
| २ | वैदेशिक भ्रमण व्यवस्थापन सफ्टवेयर निर्माण एवं परिमार्जन (अन्य) | गाउँ/नगर वस्तुगत विवरण तयारीको सफटवेयर तयार भएको । | |
| ३ | वैदेशिक प्रतिनिधिहरुसगँको भेटघाट सम्बन्धि आचारसंहिता निर्माण (अन्य) | | परराष्ट्र मन्त्रालयबाट जारी भएकाले यस मन्त्रालयबाट तयार गर्नु नपर्ने । |
| ४ | स्यमसेवकहरूको तथ्याङ्क संकलन प्रशोधन एवं विश्लेषण (अन्य) | स्थानीय तहहरुमा खटिएका विदेशी स्वयमसेवकहरुको तथ्याङ्क अद्यावधिक भएको । | |
| ५ | प्रदेश तथा स्थानीय तहमा वैदेशिक सहायता परिचालन सम्वन्धमा संयुक्त अनुगमन (अन्य) | | अर्थ मन्त्रालयबाट २०७६ असार महिनामा मात्र अन्तराष्ट्रिय सहायता परिचालन नीति पारित भएको, उपरोक्त नीतिसँग तादम्यता मिलाई स्थानीय तहमा वैदेशिक स्रोत परिचालन सम्बन्धि कार्यविधि तयार गर्नु पर्ने भएकाले कार्यविधिको प्रारम्भिक मस्यौदा तयार भएको । |
| ६ | विकास साझेदारहरूसंग छलफल तथा समन्वय (अन्य) | विकास साझेदारहरूसंग छलफल समेतका आधारमा विदेशी स्यमसेवक परिचालनलाई व्यवस्थित बनाउन कार्यविधि तयार भएको ।मन्त्रालय र अन्तर्गत विकास सहायता परिचालन गर्ने विकास साझेदारहरुसँग निरन्तरन समन्वय गरेको । | |

| | | | |
|---|---|---|---|
| ७ | वैदेशिक सहायतामा परिचालित आयोजनाहरुको प्रोफाईल प्रकाशन (अन्य) | यस मन्त्रालय र अन्तर्गत वैदेशिक सहायतामा संचालित आयोजनाहरुको विवरण रसूचना संकलन गरिएको, आगामी आ. व. मा प्रोफाईल प्रकाशन गरिने । | |

**शाखाबाट भएका दैनिक एवं नविनतम कार्यहरुः**

- विभिन्न ७० स्थानीय तहहरुबाट प्राप्त आयोजना/योजनाहरु भारतीय दूतावास (साना विकास परियोजना) र अन्य विकास साझेदार निकायमा सहयोग परिचालनका लागि अर्थ मन्त्रालय सिफारिस गरिएको ।
- स्थानीय तह एवम विभिन्न आयोजनाहरुबाट अनुरोध भए अनुसार विभिन्न मुलुकका विदेशी स्वयमसेवक एवं विज्ञहरू लाई काम गर्न स्वयमसेवक परिचालनका लागि अर्थ मन्त्रालय, कार्यसहमतिका लागि गृह मन्त्रालय, भिसाका लागि परराष्ट्र मन्त्रालयमा सिफारिस गरिएको ।
- २५१ जना स्थानीय तहका पदाधिकारी एवं कर्मचारीहरूको वैदेशिक भ्रमण स्वीकृत गरिएको ।
- विभिन्न स्थानीय तह र अन्य मुलुकका शहरहरुबीच भगिनी सम्बन्ध स्थापना गर्न परराष्ट्र मन्त्रालयको सुझाब समेतको आधारमा स्थानीय तहहरुलाई भगिनी सम्बन्ध स्थापनाका लागि सहमति प्रदान गरिएको ।
- सार्वजनिक निजी साझेदारी नीतिको मस्यौदा तयार गरेको ।
- विभिन्न परियोजनाहरुको Concept Note तयार गरि अर्थ मन्त्रालय र सम्बद्ध अन्य निकायमा पेश गरिएको ।

**७ संगठन विकास शाखा**

- नेपाल सरकारको संघमा रहने निकायहरुको संगठन तथा व्वस्थापन सर्वेक्षण भई ५०३७२ दरवन्दी सिर्जना भएको ।
- नेपाल सरकारको प्रदेश मातहतमा रहने निकायहरुको संगठन तथा व्वस्थापन सर्वेक्षण भई २१३९९ दरवन्दी सिर्जना भएको।
- साविक स्थानीय निकायबाट नियुक्ति पाई हाल स्थानीय तहमा कार्यरत कर्मचारीहरुको विवरण संकलन गरी सबै स्थानीय तहहरुको संगठन तथा व्वस्थापन सर्वेक्षण भई संगठन संरचना र दरवन्दी स्वीकृत हुदाँ स्थानीय तहमा ६८५०३ (स्वास्थ्य समेत) दरवन्दी सिर्जना भएको।
- नेपाल सरकारका संघ र प्रदेशमा रहने मन्त्रालयहरु मातहत संचालन हुने आयोजनाहरुमा अस्थायी दरवन्दी सिर्जनाको नीतिगत सहमती, परामर्श र अभिलेखिकरण गरेको ।

- बिशेष पद सिर्जनाका लागि सेवा समूह संचालन गर्ने मन्त्रालयहरुलाई सहमती प्रदान गरिएको ।
- कर्मचारी समायोजनको लागि सेवा, समूह र उपसमूह अनुसारका संघ, प्रदेश र स्थानीयको दरवन्दी विवरण तयार भएको ।
- प्रदेश सामाजिक विकास मन्त्रालय मातहत रहने रुकुम पूर्व, नवलपरासी पूर्वमा जिल्ला अस्पताल तथा प्रत्येक प्रदेशमा **Province Reference Lab** को संगठन संरचना र दरवन्दी तेरिज स्वीकृत भएको।
- प्रदेश मातहत रहने गरी गुल्मी र नवलपरासी जिल्लामा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरुको संगठन संरचना र दरवन्दी तेरिज स्वीकृत भएको।
- तपशिलका १४ वटा सडक डिभिजन कार्यालयहरुको संगठन संरचना र दरवन्दी सम्बन्धित प्रदेशमा हस्ताण्तरण गर्ने निर्णय भएको।
- कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा ११ बमोजिम संघमा रहने निकायहरुको संगठन संरचना र दरवन्दी पुनरावलोकनका लागि सम्बन्धित निकायहरुसँग छलफल भईरहेको ।

## ८ आर्थिक प्रशासन शाखा

आ.ब. २०७५।७६ को बेरुजु फछ्यौटको प्रगति २०७६ जेष्ठ मसान्त सम्म(रु हजारमा)

| | |
|---|---|
| कूल बेरुजु | १९,६२,९७९६।- |
| हालसम्म फछ्र्यौट बेरुजु | ८१,५२,७४९ |
| फछ्र्यौट प्रतिशत | ४१.५३% |

## ९ वातावरण तथा विपद व्यवस्थापन शाखा

- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७५ को मस्यौदा तयार गरी प्रदेशहरुबाट रायको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मार्फत प्रदेशहरुमा पठाईएको ।
- ८४ वटा योजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन पुनरावलोकन समितिको सिफारिशमा स्विकृत गरिएको ।
- विपद् व्यवस्थापनको सन्दर्भमा मन्त्रालयको DRR Action Plan (2018-2022 ) तयार गरी कार्यारम्भ गरिएको ।
- स्थानीय तहका लागि देहाय बमोजिमका नमुना कानुन, कार्यविधी तथा रणनितीहरु तयार गरी उपलब्ध गराईएको:
    - स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन
    - स्थानीय तहको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि
    - स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि
    - उत्थानशील स्थानीय समुदायका लागि रणनीति
    - स्थानीय तहमा नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यबिधि

- स्थानीय तहका लागि देहाय बमोजिमका नमुना कानुन तयारीको चरणमा रहेको:
    - वातावरणमैत्री स्थानीय शासन प्रारुप,
    - विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्ययोजनाको स्थानीयकरण सम्बन्धी कार्यढाँचा,
    - स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन,
    - सहरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सहजीकरण विधि र औजार
- सबै साझेदारहरुबाट सम्पादन हुने कार्य सहितको जानकारी पुस्तिका तयार भएको ।
- स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन अनुकुलनको मुलप्रवाहीकरण सम्बन्धमा सिकाई तथा क्षमता विकासमा एकरुपता कायम गराउन स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मार्फत तालिम सामाग्री तयारीको अन्तिम चरणमा रहेको ।
- स्थानीय तहहरुका लागि विभिन्न प्रकारका अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।

| सि.नं. | क्रियाकलाप | प्रमुख उपलब्धीहरु |
|---|---|---|
| १ | EFLG indicator sharing workshop | पोखरा, विराटनगर तथा वुटवलमा कार्यशाला गोष्ठि सम्पन्न |
| २ | स्थानीय तहमा नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा वातावरणीय प्रभाव विषयमा अन्तरक्रिया | नेपालगञ्ज, विराटनगर र रुपन्देही जिल्लामा अन्तरक्रिया कार्यक्रम समपन्न |
| ३ | सामुदायिक स्तरको विपद् व्यवस्थापन सम्बन्धी मापदण्ड तर्जुमा र क्षमता अभिबृद्दी कार्यक्रम | सुनसरी, झापा, काठमाण्डौं ललितपुर, कैलाली, डडेल्धुरा, रामेछाप, रुपन्देही जिल्मा सम्पन्न |
| ४ | सरसफाई प्रवर्दन तथा पूर्ण सरसफाईयुक्त स्थानीय तह सम्बन्धी मापदण्ड अद्यावधिक | नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई कार्यविधि, 2075 तयार |
| ५ | वातावरण मापदण्डको पालना सम्बन्धी अनुगमन | सुर्खेत, बाँके, मुगु लयायत विभिन्न जिल्लाका स्थानीय तहहरुमा अनुगमन |

१० सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा

| प्राथमिकता क्रम\ खर्च शीर्षक | प्रमुख उपलब्धि लक्ष्य | | कामले पारेको प्रभाव |
|---|---|---|---|
| | प्रमुख क्रियाकलाप | प्रगति | |
| २२५२२ | लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण अभिमूखीकरण सम्बन्धी कार्य | लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रमको लागि मुस्ताङ जिल्लाको घरपझोङ गाउँपालिकामा गई त्यहाँका निर्वाचित जनप्रतिनिधि सहित सेवा प्रवाहमा संलग्न कर्मचारीहरुसंग अभिमूखीकरण तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भैसकेको । | यस कार्यक्रमले घरपझोङ गाउँपालिकाबाट तयार हुने योजना, नीति तथा कार्यक्रममा लैंगिक उत्तरदायी वजेट समावेश गर्न सहयोग पुग्ने देखिन्छ। |
| २२५२२ | सामाजिक समावेशीकरण सम्बन्धी आवश्यक नीति कार्यविधि, रणनीति र मापदण्ड निर्माण | राष्ट्रिय सामाजिक समावेशिकरण नीति २०७५ को अन्तिम मस्यौदा तयार भई सम्वन्धित मन्त्रालयबाट राय सुझाव प्राप्त, प्राप्त राय सुझाव समेटी तयार भएको नीतिको मस्यौदा उपर थप संवैधानिक आयोगका सचिवज्यूहरुसंग छलफल भई अन्तिम चरणमा रहेको । | यस नीतिबाट नेपालको संविधानले अंगिकार गरेको समतामूलक समावेशी र भेदभाव रहित समाजको निर्माण गर्न सहयोग पुग्नेछ। |
| २२५२२ | सामजिक सुरक्षा सम्बन्धी तुलनात्मक अध्ययन(अन्य) | सामजिक सुरक्षा भत्ता वितरण सम्बन्धी तुलनात्मक अध्ययन गर्ने कार्य कैलारी गाउँपालिका कैलाली, गुराँस गाउँपालिका दैलेख, विदेह नगरपालिका धनुषामा सम्पन्न भैसकेको । | यस कार्यक्रमवाट सरकारले लिएको सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई अनलाईन प्रणालीमा आवद्ध गर्न सहयोग पुग्ने तथा सो वितरण कार्यमा थप उत्तरदायी र |

| | | | |
|---|---|---|---|
| | | | जवाफदेही वनाउन प्रेरित गर्नेछ। |

**शाखाबाट भएको अन्य कार्यहरु**

- स्थानीय तहका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुका लागि लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अनुशिक्षण सहयोगी पुस्तिका र सो को लागि आवश्यक तालिम सामाग्री तयार पारिएको ।
- विभिन्न ५७ वटा स्थानीय तहका निर्वाचित जनप्रतिनीधिहरुलाइ लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी दुइ दिने तालिमसम्पन्न गरेको ।
- नेपालको संविधानको भाग २७ मा व्यवस्था भएका थप सम्वैधानिक आयोगहरु राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगको O & M प्रस्ताव तयार पारी O & M समितिमा पेश गरेको ।
- सामाजिक सुरक्षा ऐन, २०७५ संसदबाट स्वीकृति भई कार्यान्वयनमा रहेको ।
- थप संवैधानिक आयोगहरुको कार्यालय संचालनको लागि ललितपुर, काठमाण्डौ र भक्तपुर जिल्लामा सरकारी स्वामित्वमा रहेको खाली र खाली गराउन सकिने भवनहरुको पहिचान गरी श्रीमान सचिवज्यू समक्ष प्रतिवेदन वुझाएको ।

**११ स्थानीय तह क्षमता विकास शाखा**

- लोक सेवा आयोगबाट नेपाल प्रशासन सेवा, सामान्य प्रशासन एवं राजश्व र लेखा समूहमा सिफारिस हुनु भएका उपसचिवहरु तथा शाखा अधिकृतहरुलाई "स्थानीय सरकार सञ्चालन" विषयक प्रशिक्षण कार्यक्रम आयोजना गरिएको,
- स्थानीय सरकारको क्षमता विकासको क्षेत्र र विषय पहिचान गर्ने उद्देश्यका साथ "स्थानीय सरकारको क्षमता विकासका क्षेत्र/विषय पहिचान सर्वेक्षण फाराम" तयार पारी सम्पूर्ण स्थानीय तहमा पत्राचार गरिएकोमा स्थानीय तहहरुबाट प्राप्त सर्वेक्षण फाराम बमोजिम TNA रिपोर्ट तयार भएको ।
- मिति 2075 कार्तिक 9 देखि कार्तिक 18 गते सम्म नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह तर्फका 199 जना नवनियुक्त शाखा अधिकृतहरु (BAT33) लाई (दुई समूहमा) स्थानीय शासकीय प्रवन्ध र सेवा प्रवाह सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको
- संघ, प्रदेश तथा स्थानीय तहका पदाधिकारी तथा प्रशासनिक कर्मचारीहरुको ज्ञान, सीप, दक्षता अभिवृद्धि गर्ने प्रयोजनको लागि "राष्ट्रिय क्षमता विकास प्रतिष्ठान" गठन तथा सञ्चालनको लागि आवश्यक कानून निर्माण गर्न अवधारणा पत्र तयार गरी ऐनको मस्यौदा तयार पारी सैद्धान्तिक सहमतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गरिएको ,

- नयाँ परिवर्तित सन्दर्भमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको पुर्नसंरचना गर्ने र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतका प्रशिक्षण केन्द्रहरुलाई प्रदेश सरकारलाई हस्तान्तरण गर्न नमूना नियमावली र O&M को मस्यौदा तयार गर्ने कार्य भई रहेको,
- स्थानीय तहका कार्यपालिका सदस्य तथा सबै निर्वाचित महिला जनप्रतिनिधिहरुको लागि विभिन्न मितिमा आयोजना गरिएका "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" विषयमा आयोजना गरिएको कार्यशाला गोष्ठी सञ्चालनमा समन्वय र सहजीकरण गरिएको,
- निजामती कितावखाना, राष्ट्रिय शिक्षक कितावखाना र प्रहरी कितावखानालाई एकीकृत गरी राष्ट्रिय कितावखाना सञ्चालन गर्न आवश्यक प्रवन्ध र समन्वय गरिएको,
- साविकको कर्मचारी प्रशिक्षण प्रतिष्ठानलाई खारेज गरी साविकमा उक्त प्रतिष्ठानले गर्दै आएको कामलाई स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा मिलान गर्ने र प्रतिष्ठानको स्वामित्वमा रहेको चल अचल सम्पत्ति स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाइ हस्तान्तरण गरिएको ।

**१२ स्थानीय तह समन्वय शाखा**

| सि नं | क्रियाकलाप | प्रमुख उपलब्धि |
|---|---|---|
| १ | स्थानीय तहसँग समन्वय र सहजीकरणको लागि नीति कानून मार्गदर्शन तयारी | स्थानीय पूर्वाधार साझेदारी विकास नियमावली तर्जुमा तथा संशोधन समेत भई कार्यान्वयनमा गएको । |
| २ | स्थानीय तहको संक्षिप्त विवरण तयारी तथा पुस्तिका प्रकाशन | संघीय मामिला शाखाबाट भएको |
| ३ | बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तयारी प्रकाशन र अभिमुखीकरण | परामर्शको लागि राष्ट्रिय योजना आयोगमा पठाइएको । |
| ४ | स्थानीय तहमा हुनुपर्ने निर्माण सम्बन्धी मापदण्ड निर्माण तथा सहजीकरणको लागि अध्ययन र परामर्श | योजना तथा अनुगमन शाखाबाट भएको । |
| ५ | पोषणमैत्री स्थानीय तह राष्ट्रिय रणनीतिको निर्माण | मस्यौदा तयार भएको । परामर्शको लागि क्षेत्रगत मन्त्रालयमा पठाउने प्रकृयामा रहेको । |
| ६ | स्थानीय तह तथा प्रदेश तहमा कार्यक्रम समन्वय र सहजीकरण | आवश्यकता अनुसार समन्वय र सहजीकरण गरिएको । |

**आव ०७५।७६ को वार्षिक नीति कार्यक्रम र बजेट कार्ययोजनाको प्रगति विवरण**

| सिनं | क्रियाकलाप | सूचक | लक्ष | प्रगति |
|---|---|---|---|---|
| १ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सञ्चालन नियमावली तयार गर्ने । | नियमावली | ७५ भाद्र | २०७५।६।१७ मा मपबाट स्वीकृत भएको । |
| २ | गाउँपालिका र नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्यविधि तयार गर्ने । | कार्यविधि | ७५ साउन | २०७५।९।६ मा मन्त्रिपरिषदबाट स्वीकृत । |
| ३ | स्थानीय तहको सार्वजनिक-निजी -सहकारी साझेदारी नीति (नमूना) तर्जुमा । | नमूना नीति | ७५ कार्तिक | विकास सहायता समन्वय शाखाबाट भइरहेको । |
| ४ | स्थानीय तह पोषण सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गर्ने । | कार्यविधि | ७५ साउन | २०७५ साउन महिनामा स्वीकृत भएको । |

**वार्षिक कार्यक्रम भन्दा बाहिरका क्रियाकलापहरु**

| सिनं | क्रियाकलाप | उपलब्धि |
|---|---|---|
| १ | जग्गा प्राप्ति ऐन २०३४ अन्तर्गत स्थानीय तहले जग्गा प्राप्त गर्दा अपनाउनुपर्ने प्रकृया निर्धारण गरेको । | स्थानीय तहको परियोजनाको लागि जग्गा प्राप्ति गर्न सहजीकरण । |
| २ | स्थानीय तहको प्राथमिकता प्राप्त योजनाले वन क्षेत्र प्रयोग गर्दा पालन गर्नुपर्ने प्रकृया तयार गरिएको । | स्थानीय तहको प्राथमिकताप्राप्त योजना कार्यान्वयनमा सहजीकरण । |
| ३ | लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सहभागिता स्रोत पुस्तिका २०७५ तयारी | स्थानीय तहको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहजीकरण । |
| ४ | स्थानीय तहको बाल विकास योजना तर्जुमा नमूना कार्यविधि तयारी | स्थानीय तहको विकास योजनामा बालबालिकाका विषय समावेश गर्न सहयोग पुगेको । |
| ५ | स्थानीय तहमा प्रारम्भिक बाल विकासका लागि स्रोत पुस्तिका तयारी | |

| सिनं | क्रियाकलाप | उपलब्धि |
| --- | --- | --- |
| ६ | ७५३ स्थानीय तहको प्रशासनिक बर्गीकरण गरिएको । | संघीय निजामती सेवा ऐनको लागि । |
| ७ | स्थानीय तहमा प्रारम्भिक बाल विकासका केन्द्रको नमूना मापदण्डको निर्माण | स्थानीय तहको लागि नमूना मापदण्ड तयार भएको |
| ८ | स्थानीय तहमा गैर सरकारी संस्था दर्ता, सञ्चालन र नियमन सम्बन्धि नमूना कार्यविधिको निर्माण | स्थानीय तहको लागि नमूना कार्यबिधि तयार भएको |

**१३ जनशक्ति योजना तथा विकास शाखा**

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (Staff College) बाट संचालन हुने रा.प.प्रथम श्रेणीका कर्मचारीका लागी (SEDP) कार्यक्रममा सबै सेवा समूहबाट ज्येष्ठताका आधारमा 25 जना प्रशिक्षार्थी मनोनयन गरी तालिम दिने व्यवस्था गरिएको । त्यस्तै सोही प्रतिष्ठानबाट रा.प.द्वितीय श्रेणीका कर्मचारीका लागि संचालन हुने ACDM कार्यक्रममा यस मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरु र रा.प.तृतीय श्रेणीका कर्मचारीका लागि संचालन हुने PCDM कार्यक्रमका लागि कर्मचारी मनोनयन गरी सेवाकालिन तालिम प्रदान गर्ने व्यवस्था मिलाइएको साथै विभिन्न स्थानीय तहमा कार्यरत रा.प.तृतिय श्रेणीका प्रमुख प्रशासकीय अधिकृत र अन्य कर्मचारीहरुमध्येबाट 26 जना कर्मचारीहरुको मनोनयन गरी स्थानीय विकास प्रशिक्षण केन्द्र झापा मार्फत सेवाकालिन तालिम प्रदान गरिएको ।
- संघीयता कार्यन्वयनको क्रममा विगतमा अस्थायी तथा सेवा करार संझौता बमोजिम कामकाज गरिरहेका करीब 30 हजार जनशक्तिहरुलाई व्यवस्थापन गर्ने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय बमोजिम नेपाल सरकारका सबै निकायमा कार्यरत अस्थायी तथा सेवा करारका जनशक्ति व्यवस्थापन गरिएको ।
- यस आ.व. मा कर्मचारी समायोजन अध्यादेश, २०७५ बमोजिम नेपाल लेखा परिक्षण सेवा र नेपाल परराष्ट्र सेवाका रा.प.प्रथम, द्विवितिय र तृतीय श्रेणीका रिक्त पदमा पदपूर्तिका लागि लोक सेवा आयोगमा पठाइएको ।
- इन्डोनेसियाको बालीमा आयोजित ६४ औं EROPA Executive Council and Conference मा यस मन्त्रालय र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट प्रतिनिधित्व भएको ।

- विभिन्न विकास साझेदारको छात्रवृत्ति एवं निजि प्रयासमा बैदेशिक अध्ययनका लागि इच्छुक कर्मचारीहरुको अध्ययन पूर्व स्वीकृति र ५ जनाको अध्ययन विदा सम्बन्धि कार्य सम्पादन गरेको ।
- निजामती सेवाका अधिकृतहरुलाई क्षमता विकासका लागि Japan Development Scholarship(JDS), Australian Awards, Korean government Scholarship, China MOFCOM Scholarship लगायतका छात्रवृत्ति कार्यक्रमको लागि समन्वय र सहजिकरण गरिएको ।
- कर्मचारी समायोजन पश्चात रिक्त हुन आउने दरवन्दी पदपूर्तिका लागि ६०४ स्थानीय तहबाट प्राप्त माग आकृति फारम पदपूर्ति प्रकृयाका लागि लोक सेवा आयोगमा पठाईएको ।
- विभिन्न दातृराष्ट्र र विकास साझेदारबाट प्राप्त बैदेशिक छात्रवृत्ति (JDS, KDI, KOICA, MOFCOM) मा मन्त्रालय मातहत निकाय र स्थानीय निकायमा कार्यरत उपयुक्त कर्मचारी मनोनयन गरिएको

**१४ संघीय मामिला शाखा**

| सि.नं. | कार्यक्रम/क्रियाकलाप | प्रमुख उपलव्धीहरू |
|---|---|---|
| १ | लक्षित वर्गसँग संघीयता सम्वाद | बर्दिया र मुस्ताङ जिल्लास्थित सवै गाउँपालिका तथा नगरपालिकाका उपाध्यक्ष तथा उप-प्रमुख, कार्यपालिकामा प्रतिनिधित्व गर्ने महिला सदस्य, जिल्लाको प्रत्येक तहबाट एक जनाका दरले दलित महिला सदस्य र एक जना दलित वा अल्पसंख्यक सदस्यहरूलाई सहभागी गराई संघीयता कार्यान्वयनमा स्थानीय तहले अनुभूत गरेका कुराहरू र मन्त्रालयबाट चालिनुपर्ने कदमहरूका वारेमा सघन सम्वाद कार्यक्रम सम्पन्न भएको। |
| २ | नयाँ एन नियम तर्जुमा तथा संशोधन | १.जातीय भेदभाव तथा छुवाछुत (कसूर तथा सजाय ) ऐन र<br>२.केही नेपाल संशोधन ऐनको काम सम्पन्न भएको,<br>३.स्थानीय सरकार सञ्चालन ऐनको संशोधनको मसौदा मन्त्रालयमा पेश गरिएको,<br>४. प्रदेश निजामती सेवाको गठन,सञ्चालन र सेवाका शर्त सम्बन्धी मापदण्ड व्यवस्था गर्ने बनेको विधेयकको मस्यौदा तयार गरी रायको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको<br>५. स्थानीय सेवा गठन सञ्चालन को मापदण्ड सम्बन्धी विधेयकको मस्यौदा तयारी गरी कानून मन्त्रालयमा रायको लागि पठाइएको। |

| | | |
|---|---|---|
| ३ | स्थानीय तहका लागि नमूना नीति, मापदण्ड ,ऐन, कार्यविधि तर्जुमा | १.स्थानीय तहको सार्वजनिक खरिद नियमावली ,२०७५<br>२.पूर्व प्राथमिक विद्यालय व्यवस्थापन सम्बन्धी निर्देशिका,२०७६<br>३.स्थानीय तहमा घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण तथा खारेजी नमूना ऐन,२०७६<br>४.स्थानीय तहमा गैर सरकारी संस्था सञ्चालन सम्बन्धी कार्यविधि ,२०७५<br>५.व्यवसाय कर व्यवस्थापन कार्यविधि,२०७६<br>६.स्थानीय तहको सार्वजनिक-निजी-सहकारी साझेदारी नीति२०७६(नमूना)<br>७.स्थानीय पूर्वाधार नीति २०७६ (मस्यौदा)<br>८. ग्रामीण सडक सम्बन्धी मापदण्ड,२०७६(मस्यौदा)<br>९.राजस्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी दिग्दर्शन<br>१०.घर वहाल कर व्यवस्थापन कार्यविधि<br>११.स्थानीय लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन सम्बन्धी कार्यविधिको मसौदा<br>१२. स्थानीय तहका कर्मचारीहरूको आचारसंहिता(नमूना) |
| ४ | छपाई/प्रकाशन(अन्य) | गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका २०७६ अद्यावधिक सहित प्रकाशित भएको |
| ५ | स्थानीय तहहरूको नाम तथा केन्द्र हेरफेर | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम ९ वटा गाउँपालिका तथा नगरपालिकाहरूको नाम र केन्द्र हेरफेर गरिएको । |

**शाखावाट सम्पादित नवीनतम कार्यहरु**

- सङ्घीयता कार्यान्वयनको सन्दर्भमा स्थानीय तहहरूबाट जारी भएका ऐन नियमहरूको तुलनात्मक अध्ययन सम्वन्धी अवधारणा पत्र तयारी गरी मन्त्रालयमा पेश गरिएको जसवाट स्थानीय तहहरूका कानूनहरू संविधान, संघीय कानुन र प्रदेश कानूनसंग तादाम्यता कायम
- स्थानीय तहहरूको भौगोलिक वर्गीकरण गरी कर्मचारीको वृत्ति विकासको एक आधार निर्माणमा टेवा पुग्ने।( वित्तीय समानीकरण अनुदान लगायतको व्यवस्थापनमा सहजीकरण हुन सक्ने)
- आधिकारिक नाममा द्विविधा भएका स्थानीय तहहरूको हकमा स्पष्टता ल्याउन र अँग्रेजीमा समेत अनुवाद गरी राष्ट्रिय अभिलेखमा एकरूपता कायम गर्ने उद्धेश्यले सबै स्थानीय तहहरुको अभिलेख तयार गरी मन्त्रालयमा पेश गरेको।
